# उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टी बीचको
# चुनावी एकता घोषणापत्र

देशको बिकासको लागी निकास दिन उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टी बीच आगामी प्रतिनिधि सभा निर्वाचनका लागि औपचारिक रूपमा चुनावी एकता भएको जानकारी हामी सार्वजनिक गर्न चाहन्छौं । दुवै पार्टीले आपसी सहमति र साझापरक राजनीतिक दृष्टिकोणका आधारमा उज्यालो नेपाल पार्टीको चुनाव चिन्ह 'बलेको चिम' लिएर संयुक्त रुपमा चुनावमा जाने निर्णय गरेका छौं । २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै, देशको वर्तमान जटिल र परिवर्तनशील राजनीतिक परिस्थितिको समुचित निकास खोज्ने उद्देश्यले दुवै पार्टी बीच विगत केही समय देखि गम्भीर छलफलहरू भइरहेका थिए । ती छलफलहरूको निष्कर्ष स्वरूप, उज्यालो नेपाल पार्टी (अध्यक्षः ई. अनुप कुमार उपाध्याय) र सर्वोदय पार्टी (अध्यक्षः ई. दीपक कुमार साह) बीच राजनीतिक, वैचारिक तथा चुनावी सहकार्यलाई संस्थागत रूपमा सुदृढ गर्दै संयुक्त सहभागिताको मार्ग प्रशस्त गरिएको छ ।

पछिल्ला वर्षहरूमा देशभर सुशासन, दिगो विकास, सामाजिक न्याय, इमानदार नेतृत्व र जनउत्तरदायी राजनीतिक विकल्पप्रति जनताको आकांक्षा तीव्र बन्दै गएको छ । ती आकांक्षा सहित पछिल्लो समयको जेन जी आन्दोलनको मर्म र भावनालाई व्यवहारमा रुपान्तरण गर्न तथा संस्थागत गर्न र नयाँ प्रकारको राजनीतिक संस्कृतिको निर्माण गर्न दुवै पार्टीले साझा प्रतिबद्धता व्यक्त गर्दै आगामी चुनावमा एकीकृत मोर्चाबाट जनतासामु जाने निर्णय गरेको छ ।

**लोकतन्त्र, संघीयता, समावेशीता, जातीय क्षेत्रीय, लैंगिक लगायतका समानता सहित सिंगो देश र मधेसको उच्चतम संयुक्त विकास र दिगो समृद्धिका लागि हाम्रो प्रतिबद्धता नै एकताको मूल सन्देश हो** । यो देश, जनता र भविष्यप्रति साझा जिम्मेवारी बोधबाट प्रेरित ऐतिहासिक कदमको रुपमा अघि बढ्नेछ ।

**उज्यालो नेपाल पार्टी र सर्वोदय पार्टी बीच निम्न लिखित सम्झौताहरु :**

१. २०८२ फाल्गुन २१ मा हुने प्रतिनिधिसभा चुनावमा उज्यालो नेपाल पार्टीको दर्ता, संगठन संरचना र 'बलेको चिम' चुनाव चिन्ह प्रयोग गरी दुवै पार्टी संयुक्त रूपमा सहभागी हुने र उमेदवारी दिने । सोको अन्तिम मनोनयन मनोनयनकर्ताको जनप्रभावकारिता, इमानदारीताको आधारमा टुंगो लगाउने ।

२. प्रचार-प्रसार, जनसम्पर्क, स्रोत-साधन तथा स्वयंसेवक परिचालन लगायत चुनावी घोषणापत्र संयुक्त रुपमै तयार गर्ने । घोषणापत्रमा सुशासन, पारदर्शिता, स्थिर सरकार, मधेस तथा दुर्गम केन्द्रित विकास, संविधान संशोधन, राज्यको पुनर्संरचना, नागरिकको रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक न्याय, संघीयता, समावेशीता जस्ता विषयलाई केन्द्रमा राखेर अघि बढ्ने ।

३. कुनै विवाद उत्पन्न भएमा दुवै पार्टीका शीर्ष नेताहरूको संयुक्त बैठकले समाधान गर्ने तथा प्रगतिशिल वैकल्पिक शक्तिहरुको बीचमा समेत एकता ध्रुवीकरणको बाटो खुला राख्ने ।

हस्ताक्षर :
अध्यक्षः ई. दीपक कुमार साह
सर्वोदय पार्टी (सपा)

हस्ताक्षर :
अध्यक्षः ई. अनुप कुमार उपाध्याय
उज्यालो नेपाल पार्टी (उनेपा)

मितिः २०८२/०९/०९, बुधबार , काठमाण्डौ